गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा
व्यवस्थापन प्राधिकरण

नेपाल सरकार

गृह मन्त्रालय
विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा
मनसुन पूर्वतयारी तथा प्रतिकार्य कमाण्ड पोष्ट

१७ साउन २०८१ बुलेटिन संख्या #१५००

# मनसुन २०८१ का लागि दैनिक विपद् बुलेटिन- ५८

| घटना संख्या | मृत्यु संख्या | बेपत्ता संख्या | घाइते संख्या | अनुमानित क्षति (ने.रू.) | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ९० | २ | ० | ५ | ७३,६०,२०० | २७ | ४० |

## हाइलाइट:

- बाढीबाट २ जनाको मृत्यु।
- चट्याङबाट ३, पहिरोबाट १ र आगलागीबाट १ गरी ५ जना घाईते।

## घटना सारांश:

| घटना | जिल्ला | घटना विवरण/संख्या | मृतक | बेपत्ता | घाईते | प्रतिकार्य |
|---|---|---|---|---|---|---|
| पहिरो | ओखलढुङ्गा | सिद्धिचरण नपा- ५ बर्णालु स्थित ओखलढुंगा रुम्जाटार भित्री सडक खण्डमा माथिबाट पहिरो गई सडक अवरोध । | ० | ० | ० | विमानस्थल सुरक्षा गार्ड रुम्जाटारको टोली खटि अबरोध खुलाउन समन्वय भईरहेको । |
| | ओखलढुङ्गा | मोलुङ गापा- ६ स्थित प्रहरी चौकी श्रीचौरको भवन भन्दा मुनि पट्टीको पर्खालबाट पहिरो गई भवन जोखिममा । | ० | ० | ० | - |
| | ओखलढुङ्गा | सुनकोशी गा.पा.- ५ फलाटे स्थित एक सुँगुरको खोर माथिबाट पहिरो आई खोर र २ वटा सुँगुर समेत बगाई क्षति । | ० | ० | ० | प्रचौ मुलखर्कको टोली खटी गएको । |
| | ओखलढुङ्गा | सिद्धिचरण न.पा.- ८ सल्लेरी काफ्लेपानी ढाडबारी स्थित एक गोठ माथिबाट पहिरो आई २ वटा गोरु पुरी मृत्यु । | ० | ० | ० | अ.प्र.चौ. मिलनचोकको टोली खटि गई उद्वार गर्ने कार्य भईरहेको । |
| | सोलुखुम्बु | सोलु दुधकुण्ड न.पा.- ७ गार्मा स्थित सोताङ देखि नेले हुदै सल्लेरी आउने भित्री सडक खण्डमा माथिबाट पहिरो खसी बाटो अवरोध । | ० | ० | ० | अप्रपोष्ट दर्पुमाको टोली खटि गएको । |
| | सोलुखुम्बु | सोलु दुधकुण्ड न.पा.- ११ कामी गाउँ स्थित एक भान्सा घरमा माथिबाट पहिरो गई भित्ता भत्किई क्षति । | ० | ० | ० | अप्रचौ रमितेको टोली खटि सामानहरुको उद्वार कार्य भईरहेको । |
| | सोलुखुम्बु | माप्य दुधकोशी गा.पा.- ५ थालाखुम स्थित एक घर माथिबाट पहिरो खसी कुलेसोमा थुप्रिई घर जोखिममा । | ० | ० | ० | अप्रचौ काकुको टोली खटी गएको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सोलुखुम्बु | सोलु दुधकुण्ड न.पा.- ११ तादिङ स्थित सल्लेरी ओखलढुङ्गा सिद्दिचरण राजमार्गमा माथिबाट पहिरो खसी मुख्य सडक अवरोध । | ० | ० | ० | अप्रचौ रमितेको टोली खटि JCB द्वारा पहिरो पन्छाई बाटो पूर्णरुपमा सुचारु । |
| | सोलुखुम्बु | सोलु दुधकुण्ड न.पा.- ६ छोल्याम्बु स्थित एक घरमा पानी र लेदो पसी ६/७ मुरी आलु क्षति । | ० | ० | ० | अप्रपोष्ट दोर्पुको टोली खटि गएको । |
| | सोलुखुम्बु | सोलुदुधकुण्ड न.पा.- ११ बेलीडाँडा स्थित एक घर माथिबाट पहिरो गई भित्तामा माटो थुप्रिई घर जोखिममा । | ० | ० | ० | अप्रचौ रमितेको टोली खटि गएको । |
| | खोटाङ्ग | रावाबेशी गा.पा.- १ सिस्ने निगाले स्थित एक घर माथिबाट पहिरो खसी गारो भत्किई बाखाको खोर पूर्णरुपमा क्षति २ वटा बाखा सामान्य घाईते, घर जोखिममा | ० | ० | ० | प्रचौ हरमटारको टोली खटि ७ जनालाई अन्यत्र घरमा स्थानान्तरण गरी बसाल्ने पहल भएको । |
| | खोटाङ्ग | दिक्तेल रुपाकोट मझुवागढी न.पा.- १ दिक्तेलबारी स्थित युवा बर्षा आधारभूत विद्यालयको पछाडिको पर्खाल पहिरोका कारण खसि क्षति। | ० | ० | ० | - |
| | सिन्धुपाल्चोक | इन्द्रावती गा.पा- ८ ज्यामिरेमाने स्थित नवलपुर सिपाघाट सडकखण्डमा बाटो भासिई दुई तर्फि बाटो अवरोध । | ० | ० | ० | बाटो खुलाउन पहल भईरहेको । |
| | सिन्धुपाल्चोक | मेलम्ची न.पा.- ११ धितालबेशी स्थित मेलम्ची जिरो किलो सडक खण्डमा माथिबाट पहिरो खसी बाटो अवरोध । | ० | ० | ० | ई.प्र.का. मेलम्चीको टोली खटि पहिरो हटाउने कार्य भईरहेको। |
| | सिन्धुपाल्चोक | मेलम्ची न.पा.- १० बगुवा स्थित एक घर माथिबाट माटो ढुङ्गा सहितको सुख्खा पहिरो खसी पर्खाल चर्किई टवाईलेट पुरिई क्षति । | ० | ० | ० | ई.प्र.का.मेलम्चीको टोली खटि JCB लगेर पहिरो हटाउने कार्य भइरहेको । |
| | रामेछाप | लिखु तामाकोशी गा.पा- ३ सातभाई टोल स्थित एक घर माथिबाट पहिरो आई घर, अन्नपात, भाँडावर्तन, लुगाफाटो लगायत सम्पूर्ण सर समान पुरिई ५/६ वटा घरहरु समेत जोखिममा । | ० | ० | ० | ई.प्र.का.धोविडाँडाको टोलीद्वारा सुरक्षित स्थानान्तरण, सरसमान सार्न जनप्रतिनिधीहरूसँग समन्वय भईरहेको। |
| | सिन्धुली | गोलन्जोर गा.पा.- ६ अकरे-भिर, प्र.चौ.ग्वालटारको र वडा नं.-२ कुखुरेटार स्थित मध्य पहाडी लोकमार्गमा बर्षातको कारण सडक माथिबाट ढुङ्गा माटो सहित लेदो झरी बाटो अवरोध । साथै प्र.चौ.खाङसाङको एरिया ऐ.फिक्कल गा.पा.-४ खाङसाङ स्थित मध्य पहाडी लोक मार्गको खाङसाङ खोलामा पानीको बहाब बढी बाटो दुई तर्फी अवरोध । | ० | ० | ० | JCB सहित बाटो खुलाउने पहल भईरहेको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ललितपुर | गोदावरी न.पा.- २ लेक स्थित गोदावरी कुण्ड चापाखर्क जाने बाटो अविरल वर्षातको कारण पहिरो गई अवरुद्ध । | ० | ० | ० | बाटो खुलाउने कार्य भईरहेको । |
| | नुवाकोट | शिवपुरी गा.पा.- ५ जिम्बाल टोल स्थित एक कुखराको फर्ममा अबिरल बर्षादको कारण माथिबाट आएको माटो सहितको लेदो पसि ५ सय ५० वटा कुखुराको मृत्यु भई ३ लाख रुपैंया बराबरको क्षति | ० | ० | ० | - |
| | धादिङ्ग | बेनिघाट रोराङ गा.पा- ५ बाँदरे मोड स्थित एक ग्यारेजमा माथिबाट पहिरो खस्न जाँदा ग्यारेजमा काम गर्ने डाक्नेश्वर न.पा-५ बुतिया बस्ने वर्ष १९ का एक पुरुष घाईते। | ० | ० | १ | घाईतेको मलेखु टिचिङ अस्पातालमा उपचार भईरहेको । |
| | स्याङ्जा | गल्याङ न.पा.- १ मालुङ्गा स्थित सिद्धार्थ राजमार्गमा लेदो सहितको पहिरो झरि रुख ढली बाटो अवरोध । | ० | ० | ० | अ.प्र.पोष्ट राम्दीको टोली खटी खुलाउने पहल भईरहेको । |
| | रोल्पा | माडि गापा.- ४ गरगरे स्थित रुकुम घोराही शहिद राजमार्गमा माथिबाट पहिरो आई बाटो पूर्णरुपमा अबरुद्ध । | ० | ० | ० | ई.प्र.का.घर्तिगाउँको टोली खटि गई खुलाउने पहल भईरहेको । |
| | रोल्पा | त्रिवेणी गा.पा.- ७ नन्दीखोला स्थित घोराही थवाङ शहिद राजमार्गमा माथिबाट पहिरो आई बाटो अवरुद्ध । | ० | ० | ० | प्र.चौ.नुवागाउँको टोली खटी गई बाटो खुलाउने पहल भइरहेको । |
| | रोल्पा | माडि गापा- ६ मिनाई स्थित घोराही रुकुम शहिद राजर्मागमा माथिबाट पहिरो आई बाटो अवरोध । | ० | ० | ० | ई.प्र.का.घर्तीगाँउको टोली खटि बाटो खुलाउने पहल भईरहेको । |
| | प्युठान | माण्डबी गा.पा.- १ गर्जेनी सिमचौर स्थित बर्षादको कारण माथिबाट ठूलो पहिरो आई भालुबाङ दाङ प्युठान सडक खण्ड बन्द । | ० | ० | ० | प्र.चौ.देबिस्थानको टोली खटि गई खुलाउनको लागि समन्वय भईरहेको । |
| | प्युठान | माण्डवी गा.पा.- ५ठुलो खोला, चोरखोलामा माथिबाट लेदो सहितको पहिरो आई बाटो बन्द । | ० | ० | ० | अ.प्र.पोष्ट चकचकेको टोली खटि गइ खुलाउने पहल भइरहेको । |
| | पाल्पा | रम्भा गा.पा.- ३ पिपलडाँडा स्थित कालीगण्डकी करिडोर सडक खण्डमा माथिबाट लेदो झरी बाटो अबरोध । | ० | ० | ० | प्र.चौ.राम्दीको टोली खटिई गई बाटो खुलाउन समन्वय भईरहेको । |
| | पाल्पा | बगनासकाली गा.पा.- ४ सेरा स्थित सिद्धार्थ राजमार्गमा माथिबाट लेदो झरी बाटो अबरोध। | ० | ० | ० | प्र.चौ.राम्दिको टोली खटिई गई बाटो खुलाउन समन्वय भईरहेको । |
| | गुल्मी | गुल्मीदरबार गा.पा.- ४ बिरबास स्थित रिडी तम्घास पक्की सडक खण्डमा माथिबाट पहिरो आई सडक पूर्णरुपमा अबरोध । | ० | ० | ० | JCB पुगेको तर पानी परिरहेको र पहिरो थप खस्न सक्ने भएकोले काम सुरु नभएको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | अर्घाखाँची | सन्धिखर्क न.पा.- ६ दहखोला स्थित गोरुसिङ्गे सन्धिखर्क सडक खण्डमा अविरल वर्षाको कारण पहिरो झरी बाटो पूर्णरुपमा अबरोध । | ० | ० | ० | JCB सहित प्रहरी टोली जाँदै । |
| | अर्घाखाँची | शितगंगा न.पा.- २ राजुवास स्थित गोरुसिङ्गे सन्धिखर्क हाईवेमा अविरल वर्षाको कारण पहिरो झरी बाटो पूर्णरुपमा अबरोध । | ० | ० | ० | ई.प्र.का.ठाडाको टोली खटि गएको । |
| | रुकुम पूर्व | सिस्ने गा.पा.- ६ रानीकोट स्थित मध्य पहाडी लोकमार्गमा माथिबाट लेदो माटो, ढुङ्गा सहित पहिरो खसि सडक पूर्णरुपमा अबरोध, विधुत लाईनको पोल तथा तारहरुमा समेत क्षति हुँदा विधुत लाईन समेत अबरुद्द । | ० | ० | ० | सडक खुलाउने र अबरुद्ध विद्युत लाईन समेत मर्मतको लागि पहल भईरहेको । |
| | गुल्मी | गुल्मीदरबार गा.पा.- ४ बिरबास स्थित रिडी तम्घास पक्की सडक खण्डमा माथिबाट पहिरो आई सडक अबरोध । | ० | ० | ० | पहिरो हटाउन JCB सँग समन्वय भईरहेको । |
| | सल्यान | कालिमाटी गा.पा.- ४ टटेली स्थित सुर्खेत कालिमाटी दाङ जोड्ने सडक खण्डमा बर्षातको कारण माथिबाट पहिरो आई बाटो अबरोध । | ० | ० | ० | बाटो खुलाउन पहल भईरहेको । |
| | बाजुरा | बडिमालिका न.पा.- ६ नुनेपानी स्थित साफें मार्तडी राजमार्गमा माथिबाट बर्षाका कारण पहिरो आई सडक अबरुद्ध । | ० | ० | ० | प्र.स.ह.को टोली JCB सहित गएको । |
| | डडेल्धुरा | आलिताल गा.पा.- ८ सुनखोला स्थित बुडर जोगबुडा भित्री सडक खण्डमा बर्षातका कारण माथिबाट पहिरो आई सडक अवरोध । | ० | ० | ० | प्र.स.नि.को टोली खटि खुलाउन पहल भईरहेको । |
| | डडेल्धुरा | गन्यापधुरा गा.पा.- २ रडुवा स्थित केआइ सिंह राजमार्गमा माथिबाट पहिरो आई वडा नं-३ पुलाउ खोला, खडाखोला लगायत ५ ठाउँमा पहिरो खसि सडक अवरोध । | ० | ० | ० | प्रचौ सकायलको टोली खटि गएको, निरन्तर ढुङगा खसिरहेकोले सडक खुलाउन असहज । |
| | दार्चुला | शैल्यशिखर न.पा.- ६ ओलानी स्थित गोकुलेश्वर दार्चुला हाईवेमा बर्षातका कारण माथिबाट पहिरो आई सडक अवरुद्ध । | ० | ० | ० | बाटो खुलाउने पहल भईरहेको । |
| | दार्चुला | महाकाली न.पा.- ९ सकार स्थित गोकुलेश्वर दार्चुला हाईवे सडकखण्डमा बर्षातका कारण माथिबाट पहिरो आई उक्त सडक अवरुद्ध । | ० | ० | ० | सडक खुलाउने तर्फ पहल भइरहेको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| बाढी | भोजपुर | अबिरल बर्षाको कारण इर्खुवा खोलामा बाढी आई साल्पासिलिछो गापा- ३ सेरा स्थित ईर्खुवा खोला लघु जलबिधुत आयोजनाको पावर हाउस बगाई षडानन्द नपा.-२ र साल्पासिलिछो गापा-३ जोड्ने निर्माणधिन पक्की पुल चर्किई वडा न.१ जोड्ने पक्की पुल मुनीको भाग बाढीले जमिन कटान गरी जोखिममा । | ० | ० | ० | प्रचौ कुलुङ, अप्रचौ कात्तिके र प्रचौ दोभानेको टोली खटि गएको । |
| | भोजपुर | अबिरल बर्षाको कारण षडानन्द न.पा.-२ लङखुवा स्थित एक ग्वाली र एउटा गोरु बगाई क्षति । | ० | ० | ० | - |
| | भोजपुर | अबिरल बर्षाको कारण षडानन्द न.पा.-२ लङखुवा स्थित एक घर, नगद, सुन, चादी सहित सम्पूर्ण सामान र सुंगुर-१ वटा, कुखुरा-१४ वटा बगाई १० लाख रुपैंया बराबरको क्षति । | ० | ० | ० | - |
| | भोजपुर | अबिरल बर्षाको कारण षडानन्द न.पा.-२ लङखुवा स्थित एक घर, गोठ, भैसी-१, बाछी-१, सुन, नगद समेत बगाई ५० हजार रुपैंया बराबरको क्षति। | ० | ० | ० | ७ जना परिवारलाई आफ्नै नयाँ घरमा स्थान्तरण गरिएको । |
| | भोजपुर | अबिरल बर्षाको कारण षडानन्द न.पा.-२ लङखुवा बस्ने वर्ष ६५ की एक महिलालाई सुतिरहेको अबस्थामा इर्खुवा खोलामा आएको बाढीले बगाएकोमा २ सय मिटर तलबाट स्थानीयद्वारा उद्धार, गोठ, गोरु-२, बाख्रा-२ र कुखुरा बगाई ६ लाख रुपैंया बराबरको क्षति । | ० | ० | ० | प्र.चौ.कुदाककाउलेको टोली खटि गएको। |
| | ओखलढुङ्गा | अबिरल बर्षाको कारण मोलुङ गा.पा.- २ पहिरे खोलामा लेदो सहितको बाढी आई ओखलढुङ्गा रामपुर भित्री कच्ची सडक अबरोध। | ० | ० | ० | ई.प्र.का.बरुणेश्वरको टोली खटि गई बाटो खुलाउन समन्वय भईरहेको । |
| | खोटाङ्ग | केपिलाशगढी गा.पा.- २ स्थित शनिबारे बजार स्थित गिरिराज कुखुराको फारममा बाढी पसि ६५ वटा चल्ला मरी ३५ हजार रुपैंया बराबरको क्षति, तापखोला जलबिद्युत आयोजनाको भबन समेत क्षति | ० | ० | ० | प्रचौ खार्तम्छाको टोली खटि गएको। |
| | महोत्तरी | सम्सी गा.पा.- ३ स्थित बैरगिया लक्ष्मिनियामा जंगाहा खोलामा बाँध बाधी मनरासिस्वा न.पा.-५ तर्फ पानी लैजाने क्रममा जंगाहा खोलामा पानीको बाहाव बढी बैरगिया, लक्ष्मिनियामा पर्ने धान खेती र ५० घरधुरी डुबानमा । | ० | ० | ० | प्रचौ गैडाभेटपुरको टोली खटी JCB लगाई बाँध भत्काई पानी जंगाहा खोला तर्फ फर्काइएको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | धनुषा | सबैला न.पा.- १३ ढोलबाजा स्थित कमला नदीको बगरमा दाउरा टिप्न जाने क्रममा अचानक पानीको बहाब बढी वरष १७, ४० र ४५ का गरी ३ जना पुरुष नदीको बगरमा फसेको । | ० | ० | ० | प्र.चौ.बरमझिया, इ.प्र.का.सबैला, र सशस्त्र प्रहरी बल रघुनाथपुरको टोली खटि तिनै जनालाई सकुशल उद्धार गरिएको |
| | सिन्धुपाल्चोक | इन्द्रावती गा.पा- १० झोलुङ्गे स्थित बुढीचौर लिफ्टिङ खानेपानी आयोजनाको ट्याङ्की, पालेघरमा झ्याडी खोलाको बाढी पसि पूर्णरुपमा क्षति । | ० | ० | ० | प्र.स.नि.को टोली खटि गएको । |
| | काठमाडौं | काठमाण्डौ मनपा.- १४ बल्खु स्थित बाग्मती खोलाको पुलको पिलर मुनि बाके हिरामुनिया गा.पा.-६ का ४५ वर्षिय एक पुरुष बाढीले बगाएको अवस्थामा मृत अवस्थामा फेला । | १ | ० | ० | - |
| | काठमाडौं | काठमाडौंको टेकु सुकुम्बासी टोल बस्ने वर्ष २६ का एक पुरुषलाई बाग्मती खोलाले बगाई लगेकोमा ललितपुर मनपा-२ राम मन्दिर नजिक किनाराबाट सानेपाको टोलीले उद्धार गरेको । | ० | ० | ० | - |
| | काठमाडौं | दक्षिणकाली न.पा.- १ चाल्नाखेल स्थित अविरल वर्षातका कारण वागमती खोलामा आएको बाढीको बहाव बढ्न गई किनारमा रहेका माछा पोखरी, बंगुर फर्म र हाँस फर्ममा पानी पसी २० वटा बंगुर, १ हजार हाँस र माछा बगाई ३ लाख २५ हजार रुपैंया बराबरको क्षति। | ० | ० | ० | प्रहरी प्रभाग चाल्नाखेलको टोली खटिई गएको । |
| | नुवाकोट | बेलकोटगढी न.पा.- ११ अमरेखोला र ऐ.बेतेनिखोला स्थित पासाङल्हामु सडकखण्डमा खोलाले लेदो ल्याई बाटो अबरोध । | ० | ० | ० | प्र.चौ.तादिपुलको टोली खटि गई बाटो खुलाउने पहल भईरहेको । |
| | म्याग्दी | धौलागिरी गा.पा.- ३ मुना स्थित बाङखोलामा रहेको मुना देखि लमसुङ जोडने झोलुङ्गे पुल र ऐ.स्थित कलभर्ट पुल समेत बाढीले बगाई पूर्णरुपमा क्षति । | ० | ० | ० | प्र.चौ. मुनाताकमको टोली खटि गएको । |
| | प्युठान | अबिरल बर्षातको कारण प्युठान न.पा.- ९ र १० को बिचमा रहेको बुढादेबी बजारमा भुसबहन खोलामा लेदो सहितको बाढी पसी किनाराका बस्ती डुबानमा । | ० | ० | ० | प्रचौ मरणठाना र जि.प्र.का.प्युठानको टोली खटि गएको । |
| | बाँके | नरैनापुर गा.पा.- ६ सोनवर्सा नयाँ बस्ती स्थित एक घरभित्र अबिरल वर्षाका कारण पानी पसि घर भत्किई ३ वटा साइकल र रासन च्यापिई क्षति । | ० | ० | ० | प्र.चौ.गंगापुरको टोली खटिई गएको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | दाङ्ग | तुलसीपुर उ.म.न.पा.- २ झारगाँउ बस्ने वर्ष ६७ र वर्ष ६७ का दुईजना पुरुष आफन्तको घरबाट फर्कने क्रममा ऐ.स्थित चिराघाट खोला तर्ने क्रममा उक्त दुबै जनालाई बगाई एकजना पौडी खेलेर बाहिर निस्किन सफल, एक जनाको मृत्यु | १ | ० | ० | - |
| | बर्दिया | अबिरल बर्षाको कारण गुलरिया न.पा.- १ भग्राहा स्थित एक घर र पसलमा भित्री सडकखण्डको नालीको पानी परी डुबान, ३ वटा कुखुराको उद्धार, १२ वटा बेपत्ता। | ० | ० | ० | प्र.ब.ह.को टोली खटि अन्नपात, लत्ताकपडा, र मानिसहरुलाई उद्दार गरी सुरक्षित स्थानमा सारिएको । |
| **अबिरल वर्षा** | ओखलढुङ्गा | अबिरल बर्षाको कारण चम्पादेबी गा.पा.- सौरेनी स्थित पहिरो गई ७/८ वटा घरहरु जोखिममा। | ० | ० | ० | प्र.चौ.कोषाहाटको टोली खटी गएको । |
| | सोलुखुम्बु | अबिरल बर्षाको कारण सोलु दुधकुण्ड न.पा.- ८ स्थित श्री जमुना आ.वि.को कम्पाउण्ड लडी बिद्यालय जोखिममा । | ० | ० | ० | प्रचौ केरुङको टोली खटी गएको । |
| | सोलुखुम्बु | अबिरल बर्षाको कारण सोलु दुधकुण्ड न.पा.- ८ आङपाङ स्थित एक घरको पछाडि पहिरो गई घर जोखिममा । | ० | ० | ० | प्रचौ केरुङको टोली खटी गएको । |
| | महोत्तरी | गौशाला न.पा.- १२ स्थित कान्तिबजारबाट शिव चोक जाने भित्री पक्की सडकमा रहेको कलभर्ट जर्लाही खोलाको बाढीले बगाई बाटो अबरोध । | ० | ० | ० | प्रचौ कान्तिबजारको टोली खटी गएको । |
| | सर्लाही | ब्रहम्पुरी गा.पा.- २ स्थित एक घर वर्षाको कारण पूर्णरुपमा भत्किई अन्नपात, लताकपडा, पंखा गरि ४ लाख रुपैंया बराबरको क्षति । | ० | ० | ० | - |
| | सर्लाही | पर्सा गा.पा.- १ सितलपुर स्थित गौरव पोल्ट्री फर्ममा वर्षाको कारण हर्दी खोलाको पानी पसी कुखुरा-१३०० वटा मरी दाना-३ बोरा गरि १ लाख २३ हजार २ सय रुपैंया बराबरको क्षति । | ० | ० | ० | - |
| | दोलखा | भिमेश्वर न.पा.- ६ सातदोबाटो स्थित एम्ब्रोसिय होटल नजिकै रहेको एक घर बर्षादको कारण जमिन भासिई जोखिममा | ० | ० | ० | प्र.ब.ह.को टोली खटि गएको । |
| | काठमाडौं | अबिरल बर्षाको कारण बागमती र धोबिखोलाको पानीको बाफ अत्यधिक बढी काठमाण्डौ मनपा- ११ थापाथली स्थित सुकुम्बासी बस्तीमा रहेका १४२ घर डुबान भई लत्ताकपडा र राशन पानी भिझि क्षति । | ० | ० | ० | ६ जना परिवारलाई सकुशल उद्दार गरि प्रहरी बिट थापाथलीमा राखिएको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | काठमाडौं | अविरल बर्षाको कारण कागेश्वरी मनोहरा न.पा.- ९ खहरे स्थित हिमगंगा अटो पार्टस एण्ड सप्लायर्समा पानी पसि क्लोज पिलेट, स्कार्पियोको डिक्स, प्लाजमा कटार, मोविल, एक्सिलेटर तार, ब्याट्री लगायतका सामान डुबी १३ लाख १५ हजार रुपैंया बराबरको क्षति । | ० | ० | ० | प्रभाग काँडाघारीको टोली खटिई गएको । |
| | काठमाडौं | कीर्तिपुर नपा.- १० सुन्दरीघाट स्थित अस्थायी प्रहरी पोष्ट भवनभित्र अबिरल बर्षाको कारण बागमती खोलाको बहाव बढ्न गई डुबान । | ० | ० | ० | प्रहरी कर्मचारीहरुलाई नयाँ बन्दै गरेको वृत्तको भवनमा सुरक्षित साथ सारिएको । |
| | काठमाडौं | काठमाडौं म.न.पा.- ३२ स्थित प्रहरी प्रभाग कोटेश्वर मातहतका प्रहरी बिट झोलुङ्गे पुलको आवास भित्र अबिरल बर्षाको कारण मनोहरा खोलाको पानी पसी भौतिक सामानहरु डुबानमा । | ० | ० | ० | - |
| | ललितपुर | अबिरल बर्षाका कारण ललितपुर जिल्ला अन्तर्गतका बालकुमारी च्यासल एमाले पार्टी कार्यालय र च्यासल फुटबल ग्राउण्ड, सानेपा बल्खु देखि शंखमुलसम्म करिडोर, इमाडोल किष्ट अस्पताल आसपास, पबन प्रकृति स्कुल असपास, सानेपा राम मन्दिर, शंखमुल पार्क, श्रमिक कान्ति कलेज, ननस्टप बसपार्क, कुपण्डोल स्थित १ नं. वडा कार्यालय, चागाँथली लगायतका विभिन्न स्थान डुबानमा, गोदावरी न.पा.-१ दमाइटार सातथली स्थित ध्रिति बहुउद्देशीय कृषी तथा पशुपालन फर्ममा गोदावरी खोलाको पानी पसी ४ सय कुखुराको मृत्यु । बागमती गापा.-३ पाङदुर डोल र टाकुर्चे स्थित पहिरो गई कान्ती लोकपथ, महालक्ष्मी न.पा.-९ लाकुरीभन्जयाङको सिस्ने खर्क र ऐ. न.पा.-१० सामुदायिक भवनमा पहिरो गई सडक अबरुद्ध । | ० | ० | ० | उद्दार कार्यमा १४५ जना प्रहरी जनशक्ती परिचालन भई ३ बालक, ८ महिला, १३ पुरुष गरी २४ जना मानिस र ८ वटा खसी,बाख्रा सहित बा१२च ९७२७ नम्बरको दुध बोकेको बोलेरो गाडीको उद्धार । |
| | भक्तपुर | चाँगुनारायण न.पा.- ८ ब्रमायणी स्थित साईन उडन फर्निचरमा अबिरल बर्षाका कारण ब्रह्मायणी खोलाको पानी पसी एक फर्निचर कारखानामा प्लाई र १५ वटा मेसिन डुबी १० लाख रुपैंया बराबरको क्षति । | ० | ० | ० | वृत्त जगातीको टोली खटि गएको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | लमजुङ्ग | अविरल बर्षाको कारण मध्य पहाडी लोकमार्ग अन्तर्गत मध्यनेपाल न.पा.- ६ लामासोति स्थित पिस्ती खोलामा पानीको बहाव बढन गई बाटो अवरुद्ध । | ० | ० | ० | प्र.नि.को टोली खटी गई बाटो खुलाउन आवश्यक पहल भईरहेको । |
| | रुपन्देही | बुटवल उमनपा.- १४ बेलभरिया स्थित बुद्ध कन्फेक्सनरी उघोगमा अबिरल वर्षाका कारण पानी पसि मिठाई बनाउने कच्चा पदार्थ भिज्दा २ लाख ७० हजार रुपैंया बराबरको क्षति । | ० | ० | ० | अस्थाई प्रहरी पोष्ट बेलभियाको टोली खटि गएको । |
| | बर्दिया | बाँसगढी न.पा.- ८ ककौरा स्थित एक घरमा अबिरल वर्षाका कारण पानी पसी दिवाल र छानो आंशिक रुपमा भत्किई ५० हजार रुपैंया बराबरको क्षति । | ० | ० | ० | अ.प्र.पोष्ट ककौराको टोली खटि गएको । |
| **आगलागी** | झापा | बिर्तामोड नपा- ५ स्थित कन्काई अस्पतालको क्यान्टिनमा ग्यास सिलिन्डर अचानक पड्कि आगलागी हुँदा सोही क्यान्टिमा काम गर्ने वर्ष ४१ की एक महिला घाईते, फयान, सिलिण्डर र र्याक जली १५ हजार रुपैंया बराबरको क्षति। | ० | ० | १ | इप्रका अनारमनीको टोली र अस्पतालको कर्मचारीको सहयोगमा आगो नियन्त्रण । |
| | मोरङ्ग | लेटाङ न.पा.- ५ खेरुवा स्थित कृषी तथा पशुपालन केन्द्रको स्टोरमा अचानक आगलागी हुँदा घर, काठ, दाउरा तथा पशुको चोक्कर गरी ३ लाख रुपैंया बराबरको धनमाल नष्ट । | ० | ० | ० | इप्रका लेटाङको टोली, स्थानीय र दमकलको सहयोगमा आगो नियन्त्रण । |
| | धनुषा | बिदेह न.पा.- ६ तिनकोरिया चोक स्थित पप्पु किराना स्टोर्समा अचानक आगलागी हुँदा किराना समानहरू जली ३ लाख रुपैंया बराबरको क्षति । | ० | ० | ० | प्र.चौ.गिद्दाको टोली र स्थानीयको सहयोगमा आगो नियन्त्रण । |
| | सर्लाही | लालबन्दी न.पा.- १ स्थित एक घरमा अचानक विद्युत सर्ट भई आगलागी हुँदा लत्ताकपडा, फ्रिज, अन्नपात र अन्य सामान समेत जली १ लाख ५० हजार रुपैंया बराबरको क्षति । | ० | ० | ० | इ.प्र.का. लालबन्दीको टोली, शसस्त्र प्रहरी, स्थानीय र दमकलको सहयोगमा आगो नियन्त्रण । |
| | तनहुँ | ब्यास न.पा.- १४ केशबटार स्थित श्री केशबटार मा.बि.को क्यान्टिनमा ग्यास लिक भई आगलागी हुँदा ग्यास चुल्हो, टेवल, दराज, सहित २ लाख रुपैंया बराबरको क्षति। | ० | ० | ० | प्र.चौ.छाब्दीको टोली र स्थानीयको सहयोगमा आगो नियन्त्रण । |
| | रोल्पा | रोल्पा नपा- १० धवाङ स्थित एक गोठमा आगलागी हुँदा लत्ताकपडा, भाडावर्तन, अन्नपात, लालपुर्जा, नागरिकता गरी १ लाख रुपैंया बराबरको क्षति । | ० | ० | ० | अ.प्र.पोष्ट धवाङको टोली खटि गएको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | डोटी | सायल गा.पा.- ४ घङ्गारे स्थित एक भैसी गोठमा बालेको आगोबाट अचानक आगलागी हुँदा पाडा-१ को मृत्यु, अन्नपात, काठ सहित गोठ पूर्णरुपमा जली ७५ हजार रुपैंया बराबरको क्षति । | ० | ० | ० | प्र.स.नि.को टोली खटि गएको । |
| **चट्याङ्ग** | पाँचथर | मिक्लाजुङ गा.पा.- २ दोकान डाँडा स्थित एक घर नजिककैको बाँसघारीमा अचानक परेको चटयाङको झिल्को उछिट्टिएर घरमा परि चर्किई नगद, लत्ताकपडा, मिटरको तार र वाइरिङ तार समेत जलि १ लाख रुपैंया बराबरको क्षति | ० | ० | ० | ईप्रका रविको टोली खटि गएको । |
| | काठमाडौं | भारी बर्षा सहितको चटयाङको कारण शंखरापुर नपाको कार्यालयमा जडान गरिएको नेपाल बिधूत प्राधिकरणको मिटर बक्समा आगलागी हुँदा एक प्रिन्टर समेत जली क्षति । | ० | ० | ० | - |
| | म्याग्दी | धौलागिरी गा.पा.-७ धारापानी स्थित एक घर अगाडि रहेको बिजुलीको पोलमा अचानक चटयाङ पर्न जाँदा एक दम्पति सामान्य घाईते, १ वटा भैसीको मृत्यु । | ० | ० | २ | प्र.चौ. मुनाताकमको टोली खटिई गएको । |
| | बाग्लुङ्ग | जैमिनी न.पा.- ५ सर्कुवा जैदीडाँडा स्थित एक गोठमा चटयाङ पर्दा गाई १ वटा र बाख्रा २ वटाको मृत्यु । | ० | ० | ० | प्र.स.नि.को टोली खटी गएको । |
| | तनहुँ | शुक्लागण्डकी न.पा.- १० कोलम्फे स्थित एक गाई गोठमा चटयाङ्ग पर्दा १ वटा गाईको मृत्यु । | ० | ० | ० | इ.प्र.का. बेलचौताराको टोली खटिई गएको । |
| | लमजुङ्ग | बेसिशहर न.पा.- ३ काउलेपानी स्थित एक घरमा अचानक चटयाङ पर्न जाँदा बाख्रा विद्युतीय सामानहरु जली १ लाख २ हजार रुपैंया बराबरको क्षति । | ० | ० | ० | प्र.स.ह.को टोली खटि गएको । |
| | बाँके | बैजानाथ गा.पा.- ४ पिपलडाँडा बस्ने वर्ष ५३ की एक महिला आफ्नै घर भित्र बसिरहेको अवस्थामा एक्कासी चटयाङ पर्न गई घाईते । | ० | ० | १ | घाईतेलाई उपचारको लागि मेडिकल कलेज कोहलपुर लगिएको । |
| **जनावर आक्रमण** | झापा | भद्रपुर नपा.- २ काबुचोक स्थित एक घरमा जंगली हात्ती आई घरको झ्याल भत्काई ५ मन धान समेत खाई ६० हजार रुपैंया बराबरको क्षति । | ० | ० | ० | - |
| | झापा | बिर्तामोड नपा.- ८ देउनिया स्थित जङ्गलबाट हात्ती आई एक घरको टाटिबेरा भत्काई अन्नपात खाई ९० हजार रुपैंया बराबरको क्षति । | ० | ० | ० | अप्रचौ गरामनीको टोली खटि गएको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | झापा | भद्रपुर नपा.- २ कमलधाप स्थित जङ्गली हाती आई १० कठ्ठाको धानबाली खाई कुल्ची ५० हजार रुपैंया बराबरको क्षति | ० | ० | ० | इप्रका पृथ्वीनगरको टोली खटी गएको । |
| **जम्मा संख्या** | | ९० | २ | ० | ५ | |

❖ *नोट: साउन १६ गते विहान १०:०० बजे देखि साउन १७ गते विहान १०:०० बजेसम्म*

## दैनिक वर्षा (Daily Precipitation) को सारांश:

साउन १६ गते बिहान ०८:४५ बजे देखि साउन १७ गते बिहान ०८:४५ बजे सम्मको वर्षा

आज मिति २०८१/०४/१७ गते बिहान ०८:४५ बजे १७९ वटा वर्षा मापन केन्द्रहरु (मानव सञ्चालित: ५८ र स्वचालित: १२१) मा मापन गरिएको गत २४ घण्टाको वर्षाको विवरण अनुसार १४६ वटा केन्द्रहरुमा वर्षा भएको छ (नक्सा १)। उक्त केन्द्रहरु मध्ये सबैभन्दा बढी वर्षा बाँके जिल्लाको खजुरा केन्द्रमा (१६१.६ मि.मि.) भएको छ। वर्षा मापन गरिएका केन्द्रहरु मध्ये ११ वटा केन्द्रहरुमा ५० मि.मि. भन्दा बढी र २ वटा केन्द्रहरुमा १०० मि.मि. भन्दा बढी वर्षा भएको छ।




नक्सा १: साउन १६ गते बिहान ०८:४५ बजे देखि साउन १७ गते बिहान ०८:४५ बजे सम्मको २४ घण्टाको वर्षा (मि.मि.)

## दैनिक न्यूनतम तापक्रम (Daily Minimum Temperature) र अधिकतम तापक्रम (Daily Maximum Temperature) को सारांशः




नक्सा २: साउन १६ गते बिहान ०८:४५ बजे देखि साउन १७ गते बिहान ०८:४५ बजे सम्मको २४ घण्टाको न्यूनतम तापक्रम (डिग्री सेल्सियस)




नक्सा ३: साउन १५ गते साँझ ०५:४५ बजे देखि साउन १६ गते साँझ ०५:४५ बजे सम्मको २४ घण्टाको अधिकतम तापक्रम (डिग्री सेल्सियस)

तालिका १: ५० मि.मि., १०० मि.मि. र २०० मि.मि. भन्दा बढी वर्षा मापन गरिएका जिल्लाहरुको विवरण।

| ५० मि.मि. भन्दा बढी वर्षा मापन गरिएका जिल्लाहरु | १०० मि.मि. भन्दा बढी वर्षा मापन गरिएका जिल्लाहरु | २०० मि.मि. भन्दा बढी वर्षा मापन गरिएका जिल्लाहरु |
|---|---|---|
| कञ्चनपुर, दाङ, बर्दिया, ओखलढुङ्गा, महोत्तरी | बाँके | - |

तालिका २: २०८१/०४/१७ गते बिहान ०८:४५ बजे मापन गरिएको गत २४ घण्टाको न्यूनतम तापक्रम र २०८१/०४/१६ गते साँझ ०५:४५ बजे मापन गरिएको गत २४ घण्टाको अधिकतम तापक्रमको विवरण।

| तापक्रम (डि.से.) | न्यूनतम तापक्रम (केन्द्र संख्या) | अधिकतम तापक्रम (केन्द्र संख्या) |
|---|---|---|
| १० देखि १५ | ७ | ० |
| १५ देखि २० | २२ | ० |
| २० देखि २५ | २५ | १० |
| २५ देखि ३० | १२ | २१ |
| ३० देखि ३५ | ० | २५ |
| ३५ देखि ४० | ० | १७ |
| जम्मा केन्द्र संख्या (वटा) | ६६ | ७३ |
| सबैभन्दा बढी/केन्द्र,जिल्ला | २७.५ डि.से./तौलिहवा, कपिलबस्तु | ३७.८ डि.से./वीरगंज, पर्सा |
| सबैभन्दा कम/केन्द्र,जिल्ला | १०.६ डि.से./काइगाउँ, डोल्पा | २०.७ डि.से./लुक्ला विमानस्थल, सोलुखुम्बु |

नोटः डि.से. = डिग्री सेल्सियस

**विपद्का घटना सम्बन्धी सूचना र सन्देशका लागि** www.twitter.com/ndrrma_Nepal र www.facebook.com/ndrrma/videos र www.youtube.com/NDRRMA **मा जानुहोस्।**